# विश्व स्वास्थ्य दिवस

## राष्ट्रसङ्घीय जनसङ्ख्या कोष (युएनएफपीए) का कार्यकारी निर्देशक थोराया अहमद ओवाइदको सन्देश

## ७ अप्रिल २००९

आज, विश्व स्वास्थ्य दिवसको अवसरमा, राष्ट्रसङ्घीय जनसङ्ख्या कोष स्वास्थ्य केन्द्रहरुको सुरक्षा र आपतकालीन उपचारमा स्वास्थ्यकर्मीको तयारीका लागि ध्यान आकर्षण गर्न विश्व स्वास्थ्य संगठनसँग एकजुट भएको छौं । यस्तो अवस्थामा उपचारको कमी र अन्य जोखिम अवस्थाले महिला र बच्चाको स्वास्थ्यमा अरु बढी हानी पुऱ्याउँदछ ।

हामी गर्भवती महिलाको आवश्यकतातर्फ खास रूपमा ध्यानाकर्षण गर्दछौं । विपत्ति आउनासाथ उनीहरू आफ्नो र आफ्ना बच्चाहरुको स्वास्थ्यप्रति चिन्तित हुन्छन् र तालिम प्राप्त स्वास्थ्यकर्मीको सहयोगको अपेक्षा गर्दछन् ।

कुनै पनि परिस्थितिमा, बच्चा जन्माउने उमेरका हरेक पाँच महिलामध्ये एक महिला गर्भवती हुने सम्भावना हुन्छ र १५ प्रतिशत गर्भवती महिलाले प्रसुतीका अवधिमा उनीहरुको जीवन जोखिममा पर्ने जटिलताको अनुभव गर्दछन् । जब स्वास्थ्य सेवा अस्पतालहरु तथा स्वास्थ्य केन्द्रहरु द्वन्द्वबाट क्षतिग्रस्त भएको हुन्छ त्यो स्थितिमा महिलाहरू सुरक्षित प्रसुतीका लागि आवश्यक सेवा नपाई बच्चा जन्माउन बाध्य हुन्छन् ।

यस्तो अवस्थामा अरु थप जोखिमहरुको पनि महिला र बालबच्चाको स्वास्थ्यलाई हानी पुऱ्याउँछ। यस्तो जोखिम अवस्थामा चोटपटक, कुपोषण वा रोग तथा हिंसा व्यहोर्नुपर्ने हुन्छ। आपत्कालीन परिस्थितिमा गर्भवती महिलाले समय अगावै प्रसुती हुने, गर्भ तुहाई, मृतजन्म, र लैंगिक हिंसाको नकारात्मक असरहरु अनुभव गर्छन् ।

साझेदारसँग मिलेर युएनएफपीएले आपतकालिन अवस्थामा सुरक्षित सुत्केरी सामग्री सुनिश्चित गर्न र आवश्यक परेको अवस्थामा चिकित्सा सहयोग उपलब्ध गराउन स्वास्थ्य सामाग्री र उपकरण पठाएर सहयोग गर्दछ । गर्भवती हुँदा, बच्चा जन्माउँदा र बच्चा जन्मिएपछिका सबै चरणहरुमा आवश्यक पर्ने महिलाले पाउने स्वास्थ्य सेवा सुनिश्चित गर्नको लागि युएनएफपीएले स्वास्थ्यकर्मीलाई तालिम समेत आयोजना गर्छ । हामी मातृ स्वास्थ्य क्लिनिक र अस्पतालहरु मर्मत र पुनःस्थापित गर्न विश्व स्वास्थ्य संगठन र अन्य निकायसँग मिलेर काम गर्छौं ।

बन्द, हडताल तथा आपतकालिन अवस्थामा महिलाहरुलाई आवश्यक स्वास्थ्य सेवा र उनीहरूको यौन एवं प्रजनन स्वास्थ्य अधिकारको विशेष ध्यान पुऱ्याए वापत हामी स्वास्थ्यकर्मीलाई धन्यवाद एवं आभार व्यक्त गर्दछौं ।